# बिर्तामोड नगरपालिकाको विज्ञापन सम्बन्धी निर्देशिका, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मिति:- २०८१।०९।१२

<u>प्रस्तावना</u>: बस्तु वा सेवाको बजार प्रबर्द्धन, बिक्रि वितरण वा प्रचार-प्रसारको लागि गरिने बाह्य विज्ञापनलाई नियमित, व्यवस्थित र पारदर्शी बनाउन र त्यस्तो विज्ञापन सम्बन्धी अभ्यासमा एकरुपता कायम गर्न वाञ्छनीय भएकाले,,

बिर्तामोड नगरपालिकको (प्रशासकीय कार्य फछ्यौट) ऐन २०७४ को दफा ४ र स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो निर्देशिका स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "बिर्तामोड नगरपालिकाको बिज्ञापन सम्बन्धी निर्देशिका, २०८१" रहेको छ ।

(२) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन गरेपछी प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा,

(क) "अनुमतिपत्र" भन्नाले दफा ६, ७ वा ८ बमोजिम प्रदान गरिने अनुमतिपत्र सम्झनुपर्छ ।

(ख) "आचार संहिता" भन्नाले विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण सम्बन्धी आचार संहिता, २०७९ सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले बिर्तामोड नगरपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बिर्तामोड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) " बाह्य विज्ञापन" भन्नाले होर्डिङ्ग बोर्ड, डिजिटल बोर्ड वा अन्य विभिन्न

प्रकारका बोर्ड, सूचना पाटी वा संरचनामार्फत घरबाहिर गरिने विज्ञापन सम्झनुपर्दछ र सो शब्दले सार्वजनिक स्थल, सपिङ मल, बसविसौनी, रेल स्टेशन, विमानस्थल, सवारी साधन वा अन्य सार्वजनिक स्थानमा गरिने विज्ञापन समेतलाई जनाउनेछ।

(च) "विज्ञापन" भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा सार्वजनिक रुपमा प्रचार, प्रसार वा प्रदर्शन गरिएको वा प्रचार, प्रसार वा प्रदर्शन गर्ने उद्देश्यले तयार गरिएको चित्र, बोर्ड तस्विर, सङ्केत, पोष्टर, पर्चा, प्रकाश, चिन्ह, संरचना वा जुनसुकै किसिमको श्रव्य, दृश्य वा श्रव्यदृश्य सामग्री सम्झनुपर्छ र सो शब्दले बाह्य विज्ञापन जनाउँछ।

(छ) "विज्ञापन बोर्ड" भन्नाले संघीय ऐनको दफा १४ बमोजिमको गठित विज्ञापन बोर्ड सम्झनुपर्छ ।

(ज) "सदस्य" भन्नाले बिज्ञापन निर्देशक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष समेतलाई जनाउनेछ ।

(झ) "समिति" भन्नाले दफा ९ बमोजिम गठन हुने स्थानीय विज्ञापन निर्देशक समितिलाई सम्झनुपर्छ ।

(ञ) "परिचयपाटी" भन्नाले व्यापार व्यवसाय वा कार्यालय रहेको स्थानको बारेमा जानकारी दिन राखिने सूचना बोर्डलाई जनाउदछ ।

(ट) "संघीय ऐन" भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ सम्झनुपर्छ ।

(ठ) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनुपर्छ

(त) "होडिङ्ग बोर्ड" भन्नाले विज्ञापन प्रदर्शनको लागि राखिएको वा राखिने साधन सम्झनु पर्छ र सो शब्दले डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियान साइन, प्रोजेक्टर, स्टल डिस्प्ले, सवारी साधन वा यस्तै अन्य प्रविधि वा प्रकारका वाह्य विज्ञापनको माध्यम सम्झनुपर्छ र सो शब्दले बाह्य विज्ञापन गर्ने प्रयोजनका लागि निर्माण गरिएका संरचना समेत लाई जनाउँदछ।

## परिच्छेद-२

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. **अनुमतिपत्र नलिई बाह्य विज्ञापन गर्न नहुने :** (१) कसैले पनि यस निर्देशिका बमोजिम अनुमतिपत्र नलिई बिर्तामोड नगरपालिका क्षेत्रभित्र देखिने गरी सार्वजनिक स्थलमा बाह्य विज्ञापन गर्न वा गराउने प्रयोजनका लागि कुनै संरचना बनाउन वा होर्डिङ्ग बोर्ड राख्न वा राख्न लगाउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनका लागि अनुमतिपत्र लिन चाहने व्यक्तिले बाह्य विज्ञापन गर्न चाहेको स्थानको संख्या खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष देहायका विवरण संलग्न गरी अनुसुची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः

(क) बाह्य विज्ञापन गर्न चाहेको घर वा जग्गा रहेको स्थानको जिआईएस म्याप,

(ख) बाह्य विज्ञापनको आकार वा प्रकार खुल्ने नमुना स्केच,

(ग) बाह्य विज्ञापन गर्न कुनै भौतिक संरचना निर्माण गर्ने भए सोको ड्रईङ्ग वा नक्सा,

(घ) बाह्य विज्ञापन राख्न प्रस्ताव गरेको स्थान कसैको निजी स्वामित्वमा भए निजी स्वामित्व प्रमाणित हुने कागजात तथा त्यस्तो विज्ञापन राख्न सम्बन्धित व्यक्तिसँग भएको सम्झौता,

(ङ) बाह्य विज्ञापन गर्न प्रस्ताव गरेको स्थान सार्वजनिक स्वामित्वमा भए स्वामित्व भएको सार्वजनिक निकाय वा स्थानीय तहसँग गरेको सम्झौता,

(च) बहालकर तिरेको प्रमाण,

(छ) विज्ञापन एजेन्सी भए बोर्डमा सूचीकृत भएको प्रमाणपत्र,

(ज) विज्ञापनदाता, कुनै संघ, संस्था वा ब्यक्तिले सोझै विज्ञापन गर्न चाहेमा कानूनबमोजिम दर्ता भई नवीकरण गरेको प्रमाणपत्र तथा करचुक्ता प्रमाणपत्र,

(झ) बिर्तामोड नगरपालिकाले समय-समयमा तोकेको अन्य विवरण।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले आफ्नो पेशा वा

व्यवसाय गर्ने घर वा कार्यालय परिसरभित्र सार्वजनिक सडक वा सडक सीमा वा जग्गामा बाधा नपर्ने वा सर्वसाधारणको आवागमन वा सुरक्षामा प्रतिकुल असर नपर्ने र छत्तिस बर्ग फिटमा नबढ्ने गरी आफ्नो पेशा वा व्यवसायका सम्वन्धमा परिचयपाटी राख्न सक्नेछ ।

तर परिचयपाटीमा विज्ञापन गर्न चाहने व्यक्तिले दफा ३ बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त निवेदनहरु प्रमुख प्रशासकीय अधिकृतले अनुमति प्रदान गर्न यस निर्देशिका बमोजिम गठन हुने बिज्ञापन निर्देशक समिति समक्ष पठाउनु पर्नेछ ।

(५) कुनै व्यक्तिले राखेको होर्डिङ्ग बोर्ड वा होर्डिङ्ग बोर्डको विज्ञापन अवरोध हुने गरी अर्को होर्डिङ्ग बोर्ड वा परिचयपाटी राख्न हुदैंन।

तर एउटा होर्डिङ्ग बोर्ड वा परिचयपाटीसँगै अर्को होर्डिङ्ग बोर्ड वा परिचयपाटी राख्न र निश्चित दुरी कायम गरी वा अर्को तलामा निश्चित आकारमा परिचयपाटी राख्न निर्देशिकाले बाधा पुर्‍याएको मानिने छैन।

(६) भित्ते लेखन वा सटर पेन्टिङ्ग गरी बाह्य विज्ञापन गर्न नगरपालिकाबाट रोक लगाउन सक्नेछ।

४. <u>बाह्य विज्ञापन गर्न सकिने स्थानः</u> (१) बाह्य विज्ञापन गर्न नगरपालिकाले देहायका स्थानमा होर्डिङ्ग बोर्ड राख्न अनुमति दिन सक्नेछः-

(क) सार्वजनिक घर, भवन वा जमिन,

(ख) निजी घर, भवन वा जमिन,

(ग) सडक आसपासको क्षेत्र,

(घ) शहरका मुख्य चोक तथा भित्री सडक,

(ङ) बसपार्क, बस विसौनी, रेल स्टेशन, विमानस्थल,

(च) सपिङ्ग मल, चलचित्र घर वा नाट्यशाला,

(छ) रंगशाला, व्यायामशाला वा सार्वजनिक उद्यान,

(ज) स्थानीय हाट, बजार, जात्रा वा मानिस आवत-जावत गर्ने वा भेला हुने ठाउँ,

(झ) कार्यालय वा व्यवसाय रहेको स्थान,

(ञ) अन्य उपयुक्त स्थान ।

(२) उपदफा (१) बमोजिमको स्थानमा बाह्य विज्ञापन गर्दा दफा ३ बमोजिम नगरपालिकाबाट अनुमति लिई यस निर्देशिका बमोजिम गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको स्थानमा बाह्य विज्ञापन गर्दा कुनै भौतिक संरचना निर्माण गर्नु पर्ने भएमा नगरपालिकामा त्यस्ता संरचनाको ड्रईङ्ग, डिजाइन वा स्केच पेश गरी अनुमतिपत्र लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र लिदा कानून बमोजिम निर्धारित शुल्क बुझाउनु पर्नेछ।

५. <u>निषेधित क्षेत्र घोषणा गर्न सक्नेः</u> (१) नगरपालिकाले प्रचलित कानून वा आचार संहिता विपरीत कुनै सार्वजनिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक, शैक्षिक, स्वास्थ्य संस्थाबाट निश्चित दुरी भित्र कुनै खास प्रकारका वा सबै प्रकारका बाह्य विज्ञापन गर्न नपाउने गरी विज्ञापन निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) निषेधित क्षेत्र घोषणा गर्दा देहायका आधार लिनु पर्नेछः

(क) विश्व सम्पदा सूचीमा परेका क्षेत्र र सो क्षेत्रमा पुग्ने प्रवेश मार्ग,

(ख) धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्वका क्षेत्रहरु,

(ग) ऐतिहासिक तथा पुरातात्विक क्षेत्रहरु,

(घ) प्राकृतिक सम्पदा तथा क्षेत्रहरु,

(ङ) संवेदनशिल क्षेत्र, कार्यालय, स्थान वा त्यस आसपासका स्थानहरु,

(च) विद्यालय, विश्वविद्यालय, अस्पताल जस्ता क्षेत्रहरु,

(छ) सामाजिक तथा रणनीतिक महत्वका स्थानहरु,

(ज) नगरपालिकाले तोकेको अन्य स्थानहरु।

(३) उपदफा (२) बमोजिम निषेधित क्षेत्र घोषणा गरेको सूचना सार्वजनिक रुपमा प्रकाशन गरिनेछ र सो को जानकारी नगरपालिकाले बोर्डलाई पनि  गराउनु पर्दछ।

(४) उपदफा (१) बमोजिम विज्ञापन निषेध गरिएको क्षेत्रभित्र बाह्य विज्ञापन  गर्न पाइनेछैन।

६. <u>अनुमतिपत्र प्रदान गर्ने</u>: (१) दफा ३ को उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा बिज्ञापन निर्देशक समितिले देहायको विवरण जाचँबुझ गरी अनुमति प्रदान गर्ने सम्बन्धमा निर्णय गर्नेछ ।

(क) बाह्य विज्ञापन राख्ने स्थानको ठेगाना (सडक, घर तथा जग्गा),

(ख) सडक, घर तथा जग्गाको स्वामित्व भएको व्यक्तिको विवरण,

(ग) बाह्य विज्ञापनको आकार, प्रकार, गुणस्तर, बनौट र विज्ञापन राख्ने अवधि,

(घ) बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्न आवश्यक पर्ने धरौटी रकम,

(ङ) बाह्य विज्ञापन राखे बापत वार्षिक तिर्नुपर्ने अनुमतिपत्र शुल्क,

(च) विज्ञापन कर,

(छ) नगरपालिकाले तोकेको अन्य विवरण।

(२) उपदफा (१) बमोजिम समितिबाट प्राप्त सिफारिसको आधारमा बिज्ञापन बापतको शुल्क लिई अनुसूची-२ बमोजिमको ढाचाँमा नगर कार्यपालिका कार्यालयको राजश्व शाखा प्रमुखले अनुमतिपत्र जारी गर्नेछ।

(३) अनुमतिपत्र तोकिए बमोजिमको अवधिसम्म बहाल रहनेछ र अवधि सकिएको होर्डिङ्ग बोर्डको तोकिए बमोजिमको दस्तुर तिरी नवीकरण गर्नुपर्नेछ।

७. <u>सवारीसाधनमा गर्ने विज्ञापनः</u> (१) नगरपालिकामा रजिष्टर्ड कार्यालय रहेको कम्पनी वा फर्मबाट संचालन भएको सार्वजनिक सेवा दिने सवारीसाधन वा यस नगरपालिकामा स्थायी बसोबास भएका व्यक्ति वा मुख्य कार्यालय रहेको संस्थाको नाममा रहेको निजी सवारी साधनमा विज्ञापन गर्न चाहने व्यक्तिले त्यस्तो सवारीसाधनमा विज्ञापन गर्न देहायका कागजात संलग्न गरी अनुमतिपत्र प्राप्त गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची-३ बमोजिमको ढाचाँमा निवेदन दिनु पर्नेछ-:

(क) सवारीसाधन दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) कम्पनी वा समितिको सवारीसाधन भए कम्पनी वा समितिको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) सवारीसाधन नवीकरण गरिएको ब्लु बुकको प्रतिलिपि,

(घ) सवारीसाधनको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) सवारी धनी/कम्पनी/समितिसँग गरिएको सम्झौतापत्रको प्रतिलिपि,

(च) सवारीसाधनमा गरिने विज्ञापनको डिजाईन,

(छ) नगरपालिकाले तोकेका अन्य कागजात।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यसको

जाचँबुझ र सिफारिसको लागि समिति समक्ष पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम समितिको सिफारिसको आधारमा प्रमुख प्रशासकीय अधिकृतले देहायका विवरण उल्लेख गरी अनुसूची-४ बमोजिमको ढाचाँमा सवारी साधनमा विज्ञापन गर्न अनुमतिपत्र प्रदान गर्न सक्नेछ:

(क) सवारीसाधन धनीको नाम तथा ठेगाना,

(ख) सवारीसाधन कम्पनी वा समितिको भए कम्पनी वा समितिको नाम ठेगाना,

(ग) सवारीसाधनको नम्बर,

(घ) सवारीसाधनमा विज्ञापन राख्ने स्थान,

(ङ) सवारीसाधनमा विज्ञापन राख्ने अवधि,

(च) सवारीसाधनमा विज्ञापन राख्ने डिजाईन,

(छ) नगरपालिकाले तोकेको अन्य विवरण।

(४) उपदफा (३) बमोजिम सवारीसाधनमा विज्ञापन गर्न अनुमति प्रदान गर्दा लिइने शुल्क तथा कर नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ।

(५) दफा (१५) को उपदफा (५) बमोजिम विज्ञापन नहटाएमा अनुमति प्राप्त व्यक्तिले जानकारी प्राप्त नगरेसम्मको अवधिको विज्ञापन कर तिर्नु पर्नेछ।

८. <u>अन्य स्थानमा हुने विज्ञापनः</u> (१) कुनै कार्यक्रम, भेला, समारोह कन्सर्ट वा खेलकुद प्रतियोगिता, मेला महोत्सवमा विज्ञापन गर्न चाहने व्यक्तिले अनुमतिपत्र प्राप्त गर्न प्रमुख प्रशासकीय अधिकृतसमक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिमको निवेदनलाई आवश्यक जाँचबुझ गरी सिफारिसको लागि समिति समक्ष पठाउनु पर्नेछ । सिमितिबाट अनुमतिको लागि सिफारिस भइ आएमा नगरपालिकाको आर्थिक ऐन बमोजिम तोकिएको शुल्क लिई निश्चित अवधिका लागि विज्ञापन गर्न तोकिएको ढाचाँमा अनुमतिपत्र प्रदान गर्न सक्नेछ।

(३) यस दफाबमोजिम अनुमतिपत्र प्रदान गर्दा कार्यक्रमको अवधि निर्धारण गरी त्यस अवधिमा हुने विज्ञापनको आधारमा कर तथा शुल्क प्राप्त गरी अनुमतिपत्र प्रदान गर्नु पर्नेछ।

## परिच्छेद –४

## बिज्ञापन निर्देशक समितिको गठन र काम, कर्तव्य र अधिकार

९. **बिज्ञापन निर्देशक समिति:** (१) बिज्ञापन राख्न अनुमतिका लागि पेश भएका निवेदनहरुको सम्बन्धमा अध्ययन गरी अनुमति प्रदान गर्न नगरपालिका अन्तर्गत देहाय बमोजिमको एक बिज्ञापन निर्देशक समिति रहने छ।

क) नगर उपप्रमुख :- -संयोजक

ख) नगर कार्यपालिकाबाट तोकेको एक महिला सहित दुई जना कार्यपालिका सदस्य -सदस्य

ग) नगर कार्यपालिकाको कार्यालयको प्रशासन शाखा प्रमुख -सदस्य

घ) नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखा प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम कर्तव्य र अधिकार निर्देशिकामा अन्यत्र उल्लिखितका अतिरिक्त देहाय बमोजिम हुनेछ ।

क) नगरपालिकामा बिज्ञापन अनुमतिका लागि पेश भएका निवेदन उपर जाँचबुझ गरी अनुमतिका लागि सिफारिस गर्ने ।

ख) बिज्ञापन गर्न सकिने उपयुक्त स्थानको छनौट तथा बिज्ञापन सामग्रीको आकार प्रकृती सम्बन्धी मापदण्ड तयार गर्ने ।

ग) बिज्ञापन निषेधित क्षेत्र घोषणाका लागि मापदण्ड तयार गर्ने ।

घ) बिज्ञापन सामग्रीमा लाग्ने कर, शुल्कको दर तथा धरौटी रकम सम्बन्धी बिषयमा राजश्व परामर्श समितिलाई सुझाव दिने ।

ङ) बिज्ञापन नियमन सम्बन्धी कानुनको बिषयमा सुझाब दिने ।

च) कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

१०. **समितिको बैठक सम्बन्धी व्यवस्था :** (१)समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिन सक्नेछ ।

(५) बैठकको निर्णय संयोजक र सचिवले प्रमाणित गरी राख्नुपर्नेछ ।

(६) समितिले आवश्यक देखेमा सम्बन्धित विषयका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-५

## होर्डिङ्ग बोर्ड तथा बाह्य विज्ञापन आकार सम्बन्धी व्यवस्था

११. होर्डिङ्ग बोर्डको आकार र स्थानः (१) आफ्नो पेशा वा व्यवसाय संचालन गर्ने व्यक्तिले निजको घर वा कार्यालय परिसरभित्र सार्वजनिक सडक वा जग्गामा बाधा नपर्ने वा सर्वसाधारणको सुरक्षामा असर नपर्ने र कानून विपरित नहुने गरी पेशा वा व्यवसायका सम्बन्धमा बढीमा छत्तिस वर्गफिट सम्मको एउटा परिचयपाटी राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको परिचयपाटीमा विज्ञापनसमेत राख्ने भएमा नगरपालिकाबाट निर्धारित कर भुक्तानी गरी नगरपालिकाबाट अनुमति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको आकार भन्दा बढी वा थप आकारको परिचयपाटी वा थप विज्ञापन राख्नु पर्ने भएमा नगरपालिकाले निर्धारण गरेको कर भुक्तानी गरी अनुमति लिनु पर्दछ।

(४) सडक वा राजमार्गमा बाह्य विज्ञापन राख्न नगरपालिकाले कानून बमोजिम अनुमति दिदा सडक किनाराबाट शहरी क्षेत्र भए कम्तिमा पाँच फिट र राजमार्ग भए कम्तिमा दश फिट छोडेर मात्र बाह्य विज्ञापन राख्न अनुमति प्रदान गरिनेछ।

(५) सडक वा राजमार्गको घुम्तिमा बाह्य विज्ञापन राख्दा अगाडिबाट आईरहेको सवारी साधन छेकिने वा नदेखिने गरि अनुमति प्रदान गरिने छैन।

(६) सडक वा राजमार्गको दायाँ-बाँयाका होर्डिङ्ग बोर्डमा फ्लेक्स प्रिन्टबाट विज्ञापन गर्दा कम्तिमा छ महिनाभित्र नयाँ प्रिन्ट राख्नु पर्नेछ।

(७) खुईलिएका, च्यातिएका वा पढ्न वा बुझ्न नसकिने होर्डिङ्ग बोर्ड वा परिचयपाटी सम्बन्धित व्यक्तिले अविलम्ब हटाउन वा परिवर्तन गर्नुपर्नेछ र नहटाएमा वा परिवर्तन नगरेमा नगरपालिकाले हटाउन निर्देशन दिन सक्नेछ। यस्तो निर्देशन पालना नगर्ने र खुईलिएका, च्यातिएका होर्डिङ्ग बोर्ड वा परिचय पाटी राख्ने व्यक्तिलाई नगरपालिकाले जरिवाना गर्न सक्नेछ।

(८) होर्डिङ्ग बोर्ड र सो मा हुने विज्ञापनको स्वीकृति नं, मिति र विज्ञापन अवधि खुलाउनु पर्दछ। अवधि समाप्त भएका होर्डिङ्ग बोर्ड नविकरण वा हटाउनु पर्दछ।

(९) उपदफा (७) बमोजिम निर्देशन दिएकोमा सम्बन्धित पक्षले अविलम्ब पालना गर्नुपर्दछ।

(१०) उपदफा (७) बमोजिम दिएको निर्देशन बमोजिम होर्डिङ्ग बोर्ड वा परिचयपाटी नहटाएमा तथा उपदफा ८ बमोजिम नविकरण नगरेमा नगरपालिकाले आफैं हटाउन सक्नेछ र त्यस वापतको खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गर्नेछ।

१२. <u>होर्डिङ्ग बोर्ड राख्दा ध्यान दिनु पर्ने विषयः-</u> होर्डिङ्ग बोर्डको संरचना निर्माणका अनुमति प्रदान गर्दा नगरपालिकाले देहायको विषयमा ध्यान दिनु पर्नेछः-

(क) होर्डिङ्ग बोर्ड राख्ने स्थानको भौतिक संरचना,

(ख) होर्डिङ्ग बोर्डको आकार,

(ग) होर्डिङ्ग बोर्डको तौलको अनुपातमा घर, भवन वा बोर्ड राखिने भार वहन क्षमता,

(घ) सडक वा राजमार्ग भए सडक सीमाबाट होर्डिङ्ग बोर्ड राखिने ठाउँसम्मको दुरी वा घुम्ती।

१३. <u>अनुमति प्रदान गर्दा ध्यान दिनुपर्ने विषयः</u> (१) होर्डिङ्ग बोर्ड राख्न अनुमति दिने नगरपालिकाले दफा (८) बमोजिमको विषयमा स्थलगत निरीक्षण गरी उपयुक्त देखिएमा होर्डिङ्ग बोर्ड निर्माण गर्न अनुमति दिन सक्नेछ।

(२) डिजिटल बोर्ड मार्फत हुने विज्ञापनको अनुमति प्रदान गर्दा देहायका विषयमा समेत ध्यान दिनु पर्नेछः-

(क) डिजिटल बोर्ड राखिएको स्थानको सिसिटिभि मनिटरिङ्ग गर्ने व्यवस्था भए वा नभएको,

(ख) असम्बन्धित व्यक्तिको प्रवेश हुन नदिन वायोमेट्रिक प्रणालीको व्यवस्था गरे वा नगरेको,

(ग) बाह्य पोर्टको प्रयोग नहुने सुनिश्चितता गरे वा नगरेको,

(घ) सुरक्षित पासवर्ड राखे वा नराखेको,

(ङ) प्राइभेट नेटवर्क प्रयोग भए वा नभएको,

१४. **स्थान पहिचान र वर्गीकरण:** (१) विज्ञापन राख्न अनुमति दिनुअघि नगरपालिकाले विज्ञापन राख्न दिने स्थान पहिचान गरी देहाय बमोजिम वर्गीकरण गर्नुपर्नेछ:

(क) मुक्ती चोक आसपास क्षेत्र, लोकमार्गको सडक आसपास क्षेत्र,बिर्तामोड भद्रपुर सडकको खण्ड आसपास क्षेत्र, रंगशाला, बस विसौनी, चलचित्र घर,नाट्यशाला, रंगशाला, हाटबजार क्षेत्र वा अन्य मुख्य सार्वजनिक ठाँउ लाई "क" वर्ग,

(ख) चारपाने राजगढ सडक आसपास,सैनिकमोड गोलधाप सडक आसपास,हर्कलाल मार्ग दाँयाबायाँ,बुट्टाबारी प्याकुरेल चोक सडक पूर्व पश्चिम,वडा नं १,२,३,४,५ का भित्र सडक खण्डहरु र अन्य भित्री ग्रमिण चोक लाई "ख" वर्ग,

(ग) ग्रामिण क्षेत्रको भित्री सडक र गल्ली लाई "ग" वर्ग,

(घ) खण्ड (क), (ख) वा (ग)मा उल्लेख भएका बाहेक अन्य स्थान लाई "घ" वर्ग।

(२) उपदफा (१) बमोजिमको स्थानमा नगरपालिकाले होर्डिङ्ग बोर्ड राख्न अनुमति प्रदान गरिनेछ। अनुपति दिदा बर्गिकरण खुल्ने गरी बर्ग कोड गरी अनुपति पत्र प्रदान गर्नुपर्नेछ ।

(३) सवारी साधनको आवागमनमा बढी चाप हुने शहरका चोक वा तीव्र गतिमा सवारी साधन चल्ने सडक वा राजमार्गमा सवारी दुर्घटना हुन नदिने गरी डिजिटल बोर्डको अनुमति प्रदान गरिनेछ।

(४) बाह्य विज्ञापनमा कुनै ब्यक्ति वा कलाकारको तस्बीर राख्नु पर्ने भए स्वदेशी ब्यक्ति वा कलाकारको तस्बीर प्रयोग गर्नु पर्नेछ।

(५) मुख्य सडक खण्डमा पर्ने बिद्युतिय पोल तथा टेलिफोन पोलहरुमा बिज्ञापन सामग्री राख्न दिइने छैन ।

१५. **सवारी साधनमा हुने विज्ञापन:**(१) सवारी साधनमा विज्ञापन गर्न अनुमति प्रदान गर्दा नगरपालिकाले देहायको विषयलाई ध्यान दिनु पर्नेछ:

(क) सवारी तथा यातायात सम्बन्धी प्रचलित कानून बमोजिम तोकिएका मापदण्ड विपरित हुन नहुने,

(ख) विज्ञापनले सवारी साधनको पुरै शिशा ढाक्न नहुने वा एकतर्फी देखिने स्टिकरको प्रयोग हुने,

(ग) सवारी साधनको स्वरुपमा परिवर्तन नहुने ।

(४) सवारी साधनमा विज्ञापन राख्न अनुमति प्राप्त सवारीमा विज्ञापन राखिएको स्थानसँगै स्वीकृती नम्बर, मिति र विज्ञापन राख्ने अवधि खुलाउनु पर्दछ।

(५) सवारी साधनमा विज्ञापन राख्ने अवधि पूरा भएपछि सवारी साधनबाट विज्ञापन हटाउनु पर्दछ।

(६) अनुमति पत्र तथा कर चुक्ता गरेको प्रमाण सवारी साधनमा राख्नु पर्दछ र कुनै स्थानीय तह वा स्थानीय प्रशासनले हेर्न चाहे देखाउनु पर्नेछ ।

१६. <u>कर, शुल्क तथा धरौटी रकम लिनु पर्ने:</u> (१)बाह्य विज्ञापन वापत नगरपालिकाले बनाएको आर्थिक ऐन बमोजिम देहायका कर, शुल्क तथा धरौटी रकम बुझाउनु पर्नेछ:-

(क) निजी जग्गा, घर वा भवनमा बाह्य विज्ञापन गरेवापत प्राप्त बहालको कर,

(ख) सार्वजनिक जग्गा, घर वा संरचनामा विज्ञापन राखेवापतको बहाल वा बहालकर,

(ग) अनुमति वा नवीकरण दस्तूर,

(घ) होर्डिङ्ग बोर्ड वा संरचना हटाउन लाग्ने धरौटी रकम,

(ङ) विज्ञापन कर

(च) स्थायी प्रकृतिका संरचना निर्माण गर्न अनुमति दिएको भए अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो संरचना नगरपालिकामा स्वत: हस्तान्तरण हुनेछ।

(२) उपदफा (१) बमोजिमको कर, अनुमति तथा नवीकरण शुल्क तथा धरौटी रकम नगरपालिकाको आर्थिक ऐनमा तोकीएको बमोजिम र नतोकीएको हकमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१७. <u>विज्ञापन हटाउनु पर्ने:</u> (१) नगरपालिकाबाट अनुमति नलिएका होर्डिङ्ग बोर्ड नगरपालिकाले जुनसुकै बेला हटाउन सक्नेछ।

(२) अनुमतिको अवधि पुरा भएका होर्डिङ्ग बोर्डको निर्धारित अवधि भित्र नवीकरण गर्नु पर्दछ।

(३) अनुमतिको अवधि पूरा भएका र समयमा नवीकरण नगरिएका होर्डिङ्ग बोर्ड तथा निर्माण गरिएका संरचना समयमा नहटाउने विज्ञापनदाता, विज्ञापन एजेन्सी वा अन्य संघ-

संस्थालाई स्थानीय तहले निश्चित अवधि तोकी त्यस्तो विज्ञापन र संरचना हटाउन निर्देशन दिनु पर्दछ।

नोटः- ध्वनी विज्ञापन वा माईकिङ विज्ञापन वा पम्प्लेटीङ्ग विज्ञापनलाई पूर्ण रुपमा निषेधित गरिने छ ।

(४) उपदफा (३) बमोजिमको अवधि भित्र नहटाउने विज्ञापनदाता, विज्ञापन एजेन्सी वा अन्य संघ संस्था वा व्यक्तिले राखेका बोर्ड तथा बोर्ड राख्न बनाईएका संरचना नगरपालिकाले आफैले हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम नगरपालिकाले होर्डिङ्ग बोर्ड वा संरचना हटाउँदा लागेको खर्च धरौटी रकमबाट कट्टा गरी नपुग रकम संरचना निर्माण गर्ने ब्यक्ति वा संस्थाबाट असुल गरिनेछ ।

## परिच्छेद - ४
## विविध

१८. **कल्याणकारी वा जनहितका सूचना राख्नुपर्ने:**(१) विज्ञापन राख्न अनुमति प्राप्त गर्ने व्यक्ति वा संस्थाले अनुमति अवधि नसकिँदै होर्डिङ्ग बोर्डमा उल्लेखित विज्ञापन नरहेमा नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाले दिएको लोककल्याणकारी वा सार्वजनिक हितसम्बन्धी विज्ञापन वा सूचना राख्नु पर्दछ।

(२) डिजिटल बोर्डमा विज्ञापन गर्दा कम्तिमा दश प्रतिशत विज्ञापन वा सूचना सार्वजनिक तथा जनहितसँग सम्बन्धित हुनुपर्दछ।

(३) उपदफा (१) र (२) को प्रयोजनको लागि नगरपालिकाले उपलव्ध गराएका सूचना वा विज्ञापन राख्नु पर्दछ।

(४) बाह्य विज्ञापन राख्ने प्रयोजनका लागि निर्माण गरिएका होर्डिङ्ग बोर्ड वा संरचनामा विज्ञापन वा सूचना नराखी खाली राख्नु हुदैंन।

(५) उपदफा (३) बमोजिमको सूचना वा विज्ञापन राखेको अवस्थामा स्थानीय कानून बमोजिम सम्बन्धित व्यक्ति वा संस्थालाई सहुलियत प्रदान गर्न सकिनेछ।

१९. <u>पालना गर्नु पर्ने</u>: यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि विज्ञापनको अनुमति प्रदान गर्दा, विज्ञापन गर्दा, विज्ञापनको अनुगमन तथा नियमन गर्दा ऐन, नियमावली, निर्देशिका, आचारसंहिता र अन्य प्रचलित कानून सम्बन्धित सबैले पालना गर्नु पर्दछ।

२०. <u>बाधा अड्काउ फुकाउने अधिकार:</u> यो निर्देशिका कार्यान्वयनका क्रममा कुनै बाधा अड्चन परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्चन फुकाउने छ।

**अनुसूची १**

दफा ३ को उपदफा (२) सँग सम्बन्धित

**निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बिर्तामोड नगरपालिकाको कार्यालय।

विषय : बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) को लागि अनुमति पाउँ।

बिर्तामोड नगरपालिकाको वडा नं......., ............. स्थित .......................... को ..................... घर वा जग्गामा विज्ञापन/प्रचारप्रसारको लागि बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्ने अनुमतिको लागि ..........को विज्ञापन (सम्बन्धी निर्देशिका, २०८१ को दफा ३ को उपदफा (२) बमोजिम देहायको आकार प्रकारको होर्डिङ्ग बोर्ड राख्न वा संरचना निर्माणको लागि देहायका कागजातहरु संलग्न गरी यो निवेदन गरेको छु। होर्डिङ्ग बोर्ड राख्न वा संरचना निर्माण गर्न तथा उक्त बोर्डमा बाह्य विज्ञापन राख्न अनुमति पाउँ।

**विवरण:**

(क) होर्डिङ्ग बोर्ड/संरचना निर्माण हुने घर तथा जग्गा धनीको नाम :–............................

(ख) होर्डिङ बोर्ड वा संरचना निर्माण गर्न प्रस्ताव गरेको स्थानः- वडा नं ......... स्थानः........ घर नं. ............. .................मार्ग/पथ/सडक...........

(ग) होर्डिङ बोर्ड वा संरचना निर्माण गर्न प्रस्ताव गरेको स्थानको स्वामित्वः निजी / सार्वजनिक

(घ) होर्डिङ बोर्ड वा संरचना राख्न चाहेको अवधिः ........................ देखि .................... सम्म

(ङ) होर्डिङ्ग बोर्ड वा संरचनाको आकार प्रकार र बनौट:-

(अ) होर्डिङ्ग बोर्ड वा संरचनाको प्रकारः-

(आ) आकारः-....... लम्बाई....... चौडाई.......वर्गफिट

(ग) बनौटः

उपर्युक्त व्यहोरा ठिक साँचो छ। झुठा ठहरे कानून बमोजिम सहूँला बुझाँउला।

**भवदीय**

नामथरः

पदः

संस्थाको नाम/ठेगानाः
मितिः
संस्थाको छापः

**अनुसूची २**
दफा ४ को उपदफा (२) सँग सम्बन्धित
बिर्तामोड नगरपालिकाको कार्यालय

श्री...............................
........................................।

विषयः होर्डिङ्ग बोर्ड/बाह्य विज्ञापन राख्ने अनुमतिपत्र।

दर्ता मितिः ......

प्रमाण पत्र नं. .....

बिर्तामोड नगरपालिकाको वडा नं......., ............. स्थित .......................... को ...................... घर वा जग्गामा श्री...........................लाई............को विज्ञापन सम्बन्धी निर्देशिका, २०८१ को दफा ४ बमोजिम देहायको आकार प्रकारको होर्डिङ्ग बोर्ड राख्न वा संरचना निर्माण गर्नका लागि देहायका शर्त पालना गर्ने गरी यो अनुमतिपत्र प्रदान गरिएको छ।

**होर्डिङ्ग बोर्ड/संरचनाको विवरण:**

(क) होर्डिङ्ग बोर्ड/संरचना रहने घर तथा जग्गा धनीको नाम :–............................
(ख) होर्डिङ बोर्ड वा संरचना निर्माण हुने स्थानः- वडा नं ......... स्थानः........ घर नं. ..............
................मार्ग/पथ/सडक...........
(ग) होर्डिङ बोर्ड वा संरचना निर्माण हुने स्थानको स्वामित्वः निजी / सार्वजनिक
(घ) होर्डिङ बोर्ड वा संरचना रहने अवधिः ........................ देखि .................... सम्म
(ङ) होर्डिङ्ग बोर्ड वा संरचनाको आकार, प्रकार र बनौट :-
(अ) होर्डिङ्ग बोर्ड वा संरचनाको प्रकारः-
(आ) आकारः-....... लम्बाई....... चौडाई.......वर्गफिट
(इ) बनौटः
(च) होर्डिङ बोर्ड वा संरचना निर्माण गर्ने संस्था/विज्ञापन एजेन्सीको नाम, ठेगाना र सम्पर्क नः-
(छ) होर्डिङ बोर्ड वा संरचनाको स्वामित्व परिवर्तन भएमा नामसारी भई हाल साविकको विवरणः-

| क.स | साविकवालाको नाम थर, ठेगाना | हालवालाको नाम थर,ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |

................................
विज्ञापन स्वामित्व भएको संस्थागत/व्यक्तिको हस्ताक्षर

अनुमतिपत्र प्रदान गर्ने अधिकारीको
नाम,थर:
पद:
हस्ताक्षर:
मिति:

शर्तहरुः

१. होर्डिङ बोर्ड वा संरचना धनी वा विज्ञापन एजेन्सीले प्रत्येक आर्थिक वर्ष समाप्त हुनु अगाबै आगामी आर्थिक वर्षको लागी नवीकरण गर्नु पर्नेछ।
२. नविकरण गर्दा विज्ञापन कर तथा अन्य कर तथा शुल्क चुक्ता गर्नु पर्नेछ।
३. होर्डिङ बोर्ड वा संरचनाको स्वामित्व तथा स्थान परिवर्तन गर्नु परेमा नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।
४. होर्डिङ बोर्ड वा संरचना हटाउनु परेमा नगरपालिकालाई बुझाउन बाँकी रकम बुझाई हटाउन सकिनेछ।
५. होर्डिङ बोर्ड वा संरचनामा विज्ञापन नभएको बखत नगरपालिकाले उपलव्ध गराएका जनहित तथा सार्वजनिक हित सम्बन्धी विज्ञापन राख्नु पर्नेछ।
६. होर्डिङ बोर्ड वा संरचनाको अनुमति प्राप्त अवधिभर सोको स्वीकृत स्केच, ड्रइङ्ग, डिजायन साथमा राख्नु पर्नेछ।
७. संघीय ऐन वा सो अन्तर्गत बनेको नियमावली, मापदण्ड वा यो निर्देशिका तथा विज्ञापन आचारसंहिता पालना नगरेको पाईएमा यो अनुमतिपत्र जुनसुकै बेला रद्द गर्न सकिने छ।
८. यस कार्यालयबाट समय समयमा जारी हुने आदेश, निर्देशन वा सूचनाको पालना गर्नु पर्नेछ।

**अनुसूची-३**

दफा ७ को उपदफा (१) सँग सम्बन्धित

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
बिर्तामोड नगरपालिकाको कार्यालय ।

विषय: सवारीसाधनमा विज्ञापन राख्ने अनुमतिपत्र पाउँ।

............जिल्ला,.......... नगरपालिकाको वडा नं ...... स्थायी बसोबास भएका श्री........................................ को नाममा दर्ता रहेको सवारी साधन नं........................... मा .................... विषय/कम्पनीको विज्ञापन प्रचार प्रसारको लागि यस नगरपालिकाको विज्ञापन सम्बन्धी निर्देशिका, २०८१ को दफा ५ बमोजिम विषयको विज्ञापन गर्नको लागि देहायका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु। सवारीसाधनमा विज्ञापन राख्न अनुमतिपत्र पाउँ।

**विवरण:**

(क) सवारीसाधन दर्ताको प्रमाणपत्र
(क) सवारीसाधनको प्रकारः बस /ट्रक /जीप /कार
(ख) कम्पनी वा समितिको सवारी साधन भए कम्पनि वा समिति दर्ता प्रमाणपत्र
(ग) सवारीसाधनको नविकरण गरिएको ब्लु बुक
(घ) सवारीसाधनको करचुक्ता प्रमाणपत्र
(ङ) सवारी धनी / कम्पनी/ समितिसँग गरिएको सम्झौतापत्र,
(च) विज्ञापन गर्ने अवधिः ........................ देखि .................... सम्म
(छ) विज्ञापनको विषय/कम्पनी/संस्थाको नामः...........................
(ज) विज्ञापनको आकार वा प्रकार खुल्ने स्केच, ड्रईङ्ग वा डिजाईन
(झ) विज्ञापन एजेन्सीमार्फत विज्ञापन गर्दा उक्त एजेन्सी बोर्डमा सूचीकृत भएको प्रमाणपत्र
(ञ) विज्ञापनदाता आफैले विज्ञापन गर्ने भए कानुन बमोजिम दर्ता भई नवीकरण गरेको प्रमाणपत्र
(ट) कर चुक्ता गरेको प्रमाणपत्र
(ठ) स्थानीय तहले समय, समयमा तोकेका अन्य कागजात

उपर्युक्त व्यहोरा ठिक साँचो छ।झुठा ठहरे कानून बमोजिम सहूँला बुझाँउला।

**भवदीय**
नामथरः
पदः
संस्थाको नाम/ठेगानाः

**अनुसूची-४**

दफा ७ को उपदफा (३) सँग सम्बन्धित

बिर्तामोड नगरपालिकाको कार्यालय

श्री...............................

.......................................... ।

विषयः सवारीसाधनमा विज्ञापन राख्ने अनुमतिपत्र।

दर्ता मितिः ......

प्रमाण पत्र नं. .....

..................जिल्ला.....................................नगरपालिका वडा नं........ स्थायी बसोबास भएका श्री.......................................... को नाममा दर्ता रहेको सवारी साधन नं............................ मा विज्ञापन (नियमन गर्ने) ऐन, २०८१ को उपदफा (३) बमोजिम देहायका शर्त र समय समयमा नगरपालिकाबाट जारी गरिने आदेश, निर्देशन र सूचनाको पालना गर्ने गरी सवारीसाधनमा विज्ञापन राख्न अनुमति प्रदान गरिएको छ।

**विज्ञापनको विवरण** :

१. विज्ञापन रहने सवारीसाधन धनी वा कम्पनीको नाम :-...............

२. सवारीसाधनको नम्बर :- ..................................................

३. सवारीसाधनमा विज्ञापन रहने स्थानः ......................................

४. विज्ञापनको विषय/कम्पनी/संस्थाको नामः..................................

५. विज्ञापनको आकार, प्रकार र बनौट :- .....................................

६. विज्ञापन एजेन्सीको नाम, ठेगानाः-............................................

७. विज्ञापन रहने अवधि.....................देखि..............................सम्म

८. विज्ञापन वा सवारीसाधनको स्वामित्व परिवर्तन भएमा नामसारी भई हाल साविक हुनेको विवरणः-

| क्र.स | साविकवालाको नाम थर, ठेगाना/साविकको विज्ञापन | हालवालाको नाम थर,ठेगाना/ साविकको विज्ञापन | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |

................................

अनुमतिपत्र जारी गर्ने अधिकृतको:

विज्ञापन स्वामित्व भएको संस्थागत/व्यक्तिको हस्ताक्षर

नाम,थर:

पद:

हस्ताक्षर:

मिति:

शर्तहरुः

१. विज्ञापनदाता/विज्ञापन एजेन्सी/सवारी धनीले प्रत्येक आर्थिक वर्ष समाप्त हुनु अगावै आगामी आर्थिक वर्षको लागी नवीकरण गर्नु पर्नेछ।
२. नवीकरण गर्दा विज्ञापन कर तथा अन्य शुल्क चुक्ता गर्नु पर्नेछ।
३. विज्ञापनको विषय / विज्ञापनदाता एवं सवारीसाधनको स्थान परिवर्तन गर्नुपरेमा नगरपालकाको पूर्व स्वीकृति लिनुपर्नेछ।
४. विज्ञापन हटाउनु परेमा लाग्ने कर दस्तुर तिरी नगरपालिकाबाट पूर्व स्वीकृति लिई हटाउन सकिनेछ।
५. सवारीसाधनमा विज्ञापन राख्ने अवधि पुरा भएपछि सवारी धनी वा कम्पनिले त्यस्तो सवारीसाधनमा विज्ञापन हटाई पुरानै अवस्थामा ल्याउनु पर्नेछ
६. पुरानै अवस्थामा ल्याएको सवारीसाधनमा भएको विज्ञापन हटाएको प्रमाणपत्र नगरपालिकाबाट लिनु पर्नेछ।
७. बुँदा नं (६) बमोजिम प्रमाणपत्र नलिने सवारीसाधनले प्रमाणपत्र नलिएको अवधिसम्मको कर तिर्नु पर्नेछ।
८. संघीय ऐन वा सो अन्तर्गत बनेको नियमावली, मापदण्ड वा आचारसंहिता र यो निर्देशिका वा यस अन्तर्गत बनेको मापदण्ड प्रतिकूल हुने गरी कुनै काम गरेको पाइएमा जुनसुकै बखत यो अनुमतिपत्र रद्द हुन सक्नेछ।